# सरावल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

प्रदेश नं. ५ , नेपाल

# पोषण भत्ता वितरण कार्यविधि निर्देशिका

२०७५

## पोषण भत्ता वितरण कार्यविधि निर्देशिका ,२०७५

सरावल गाउँपालिका भित्रका विपन्न परिवारका कुपोषित बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन वितरण गरिने पोषण भत्तालाइ व्यस्थित गर्न वान्छनीय भएकोले सरावल गाउँपालिकाले यो निर्देशिका बनाइ लागु गरेको छ |

**१. संक्षिप्त नाम र प्रारम्भ**

यस निर्देशिकाको नाम पोषण भत्ता वितरण कार्यविधि निर्देशिका २०७५ रहेको छ |

यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ |

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "कुपोषित बालबालिका " भन्नाले वृद्धि अनुगमन गर्दा उमेरको हिसाबले कम वा धेरै कम तौल भएको वा मध्यम शिघ्र कुपोषण वा कडा शिघ्र कुपोषणमा परेको बालबालिका सम्झनु पर्दछ |

(ख) " नियमित गर्भ जांच " भन्नाले गर्भवती भएको चौथो , छैठौ, आठौँ र नवौं महिनामा गरिएको गर्भ जांचलाई सम्झनु पर्दछ |

(ग) " संस्थागत प्रसुती" भन्नाले अस्पताल , प्रा.स्वा.के.,बर्थिंग सेन्टरमा भएको प्रसुतीलाई सम्झनु पर्दछ |

(घ) " नियमित उत्तर प्रसुती जांच" भन्नाले प्रसुति भएको २४ घण्टा भित्र , तेश्रो दिनमा र ७ औं दिनमा गरिएको जांच लाइ सम्झनु पर्दछ |

(ङ) "नियमित वृद्धि अनुगमन " भन्नाले बच्चा जन्मिएदेखी २४ महिना पुरा नहुन्जेल सम्म प्रत्येक महिना गरिएको वृद्धि अनुगमनलाई सम्झनु पर्दछ |

३. **कार्यक्षेत्र** : सरावल गाउँपालिकाका सबै वडाहरु

४. **लक्षित उमेर समुह** : ६ महिना देखि २३ महिना सम्मका बालबालिका

५. **उदेश्यहरु:**

(क) बालबालिकाहरुमा कुपोषण घटाई कुपोषणको कारणले हुने बिरामी दर र मृत्यु दर घटाउने

(ख) पूर्ण पोषण उन्मुख गाउपालिका बनाउने

(ग) नियमित गर्भ जांच बढाउने

(घ) संस्थागत प्रसुती बढाउने

(ङ) नियमित उत्तर प्रसुती जांच बढाउने

(च) नियमित वृद्धि अनुगमन बढाउने

६. सरावल गाउँपालिका भित्र स्थायी बसोबास भएको आर्थिकरुपले बिपन्न परिवारका देहायको अवस्थाका बालबालिकाले पोषण भत्ता प्राप्त गर्न सक्ने छन्

(क) बृद्दीअनुगमनमा मध्यम शिघ्र कुपोषण बर्गिकरणमा परेको वा

(ख) बृद्दी अनुगमनमा कडा शिघ्र कुपोषणमा परि बहिरंग वा अन्तरंग उपचार केन्द्रमा भर्ना भै उपचार पुरा गरेको

(ग) उमेर अनुसार धेरै कम तौल वा कम तौलमा परेको

(घ) एक दम्पतिबाट जन्मेको पहिलो र दोश्रो सन्तान

७. देहायका अवस्थाका बालबालिकाले पोषण भत्ता पाउने छैनन्

(क) आर्थिक रुपले सम्पन्न परिवारका बालबालिका

(ख) दफा ६ को अवस्थामा नपरेका बालबालिका

(ग) उमेर ६ महिना नपुगेको र २३ महिना भन्दा बढी भएको बालिबालिका

८. पोषण भत्ताको रकम निर्धारण गर्न अनुसूची ४ बमोजिमको फारम प्रयोग गरिने छ।

९. पोषण भत्ता प्राप्त गर्नको लागि बालबालिकाको अभिभावकले देहायका कागजातहरु संलग्न गरि निबेदन दिनु पर्ने छ।

(क) जन्म दर्ताको प्रमाणित प्रतिलिपि

(ख) मातृ तथा नव शिशु स्वास्थ्य कार्डको प्रतिलिपि

(ग) वृद्धि अनुगमन कार्डको प्रतिलिपि

(घ) कडा शिघ्र कुपोषणको उपचार पुरा गरेको भए सो को कार्ड को प्रतिलिपि

(ङ) करेसाबारीको फोटो

(च) चर्पीको फोटो

(छ) सम्बन्धित स्वास्थ्यचौकीको कुपोषित प्रमाणित अनुसूची १ ब

(ज) सम्बन्धित वडा बाट अनुसूची २ बमोजिमको सिफारिस

(झ) अनुसूची ३ बमोजिमको निबेदन

१०. दफा ९ बमोजिमका कागजातको सक्कल पनि साथमा लिई आउनुपर्ने छ

११. पोषण भत्ता वितरणको मापदण्ड निर्धारण गर्न सरावल गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहाए बमोजिमको मापदण्ड निर्धारण समिति रहने छ |

| | |
|---|---|
| (क) उत्तमा राय | संयोजक |
| (ख) भेष नारायण चौधरी | सदस्य |
| (ग) सुनिता हरिजन | सदस्य |
| (घ) छोटेलाल यादव | सदस्य |
| (ङ) ह्यात खाँ धुनिया | सदस्य |
| (च) छिमा देवी चौधरी | सदस्य |
| (छ) ओम नारायण देवकोटा | सदस्य सचिव |

# अनुसूची १

यस स्वास्थ्यचौकीको रेकर्ड अनुसार सरावल गाउँपालिका वडा नं. ......., .........................टोल बस्ने श्री ................................................कि श्रीमती ................................................र उनको छोरा/छोरी ..................................को सेवा सम्बन्धि विवरण तपशिल बमोजिम रहेको व्यहोरा प्रमाणित गरिन्छ ।

१. नियमित गर्भ जांच गराएको :

| पटक | प्रथम(चौथो महिना) | दोश्रो(छैठौ महिना) | तेश्रो(आठौं महिना) | चौथो (नवौं महिना) |
|---|---|---|---|---|
| मिति | | | | |

२. प्रसुती भएको मिति र स्थान :

३. नियमित उत्तर प्रसुती जांच गराएको:

| पटक | प्रथम (२४ घण्टा भित्र) | दोश्रो (तेश्रो दिनमा ) | तेश्रो (७ औं दिनमा ) |
|---|---|---|---|
| मिति | | | |

४. बच्चाको नियमित वृद्धि अनुगमन गरेको

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर महिनामा /मिति | | | | | | | | | | | | |
| उमेर महिनामा /मिति | | | | | | | | | | | | |

५. बच्चालाई ६ महिना सम्म पूर्ण स्तनपान : गराएको / नगराएको ..................................

६. बच्चालाई ६ महिना पुराभएपछि पुरक खाना सुरु गरेको / नगरेको ................................

७. हाल गर्भवती रहेको /नरहेको .........................

८. बच्चाको हालको कुपोषणको बर्गिकरण .............

स्वास्थ्यसंस्थाको छाप

प्रमाणित गर्ने :
नामथर :
पद :
मिति :

अनुसूची २

मिति :

श्री सरावल गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी, (ब.सु.प. ) |

बिषय :पोषण भत्ताको लागि सिफारिस गरिएको बारे |

उपरोक्त सम्बन्धमा सरावल गाउँपालिका वडा नं. .......... , ................ ................ टोल बस्ने श्री ................................ को परिवार बिपन्न रहेको र निजको .......औं सन्तान मिति ........... मा जन्म भइ ........ दिन भित्र जन्मदर्ता गरेको...... महिनाको /कि .................................... कुपोषित भएकोले पोषण भत्ता उपलब्ध गराइदिनुहुन तपसिलको विवरण सहित सिफारिस गर्दछु |

निजको घरमा चर्पी रहेको /नरहेको ............

निजको घरमा करेसाबारी रहेको/नरहेको .........

वडा अध्यक्ष

अनुसूची ३

मिति :

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु ।

सरावल गाउँ कार्यपालिकाको कार्यालय,

नवलपरासी, (ब.सु.प. ) ।

बिषय : पोषण भत्ता उपलब्ध गराइदिनुहुन ।

महोदय ,

जि.न.प.,सरावल गाउँपालिका वडा नं. ...,..........................टोल बस्ने बर्ष .....को म ..................................को छोरा/छोरी .......महिना को ...............................लाई ............स्वास्थ्य चौकीमा स्वास्थ्य जांच गराउंदा कुपोषित देखिएको र मेरो आर्थिक अवस्था कमजोर भएकोले मेरो छोरा/छोरीको पोषण अवस्था सुधार गर्न पोषण भत्ता उपलब्ध गराइदिनुहुन वडा कार्यालय र स्वास्थ्यचौकीको सिफारिस सहित आवश्यक कागजात यसै साथ संलग्न गरि बिनम्र अनुरोध गर्दछु ।

निवेदक

सहि :

नामथर :

ठेगाना :

## अनुसूची ४

यस सरावल गाउँपालिका वडा नं. ..., ....................टोल बस्ने श्री ...............................................कि श्रीमती .............................................र उनको छोरा/छोरी ..................................को स्वा. चौकी र वडा कार्यालयबाट प्राप्त प्रमाण तथा सिफारिसको आधारमा तपसिल बमोजिम पोषण भत्ता सिफारिस गरिन्छ |

| क्र.सं. | सूचक | अंक भार | सूचकांकको आधारमा अंक बांडफांड (प्रतिसतमा ) | | | | | प्राप्तांक=(अंक भार×प्राप्त प्रतिसत ÷१०० ) | रकम रु. = ५०×प्राप्तांक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ० % | २५% | ५०% | ७५% | १००% | | |
| १ | नियमित गर्भ जांच गराएको | २० | १ पटक | २ पटक | ३ पटक | | ४ पटक | | |
| २ | संस्थागत प्रसुती | २० | नभएको | | | | भएको | | |
| ३ | नियमित उत्तर प्रसुती जांच गरेको | १० | नगरेको | १ पटक | २ पटक | | ३ पटक | | |
| ४ | नियमित वृद्धि अनुगमन भएको | २० | <२५% | ≥२५% | ≥५० % | ≥७५% | १००% | | |
| ५ | ६ महिनासम्म पूर्ण स्तनपान | ५ | नगराएको | | | | गराएको | | |
| ६ | ६ महिना पछी पुरक खाना | ५ | नखुवाएको | | | | खुवाएको | | |
| ७ | हाल गर्भवती (आमा ) | ५ | रहेको | | | | नरहेको | | |
| ८ | करेसाबारी | ५ | नभएको | | | | भएको | | |
| ९ | घरमा चर्पीको भए/नभएको | ५ | नभएको | | | | भएको | | |
| १० | ३५ दिन भित्रमा जन्मदर्ता | ५ | नगराएको | | | | गराएको | | |
| | जम्मा | १०० | | | | | | | |

सिफारिस गरिएको रकम रु..........    अक्षरुपि ...........

सिफारिस गर्ने :    सिफारिस गर्ने :